# सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट,र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१

नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देहायका निर्देशिकाहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो निर्देशिकाको नाम "सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०७१" रहेको छ।

(२) यो निर्देशिका मिति २०७२ साल जेष्ठ १ गते देखि लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा –,

(क) "ऐन" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ सम्झनु पर्छ।

(ख) "नियमावली" भन्नाले सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ सम्झनुपर्छ

(ग) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनुपर्छ।

(घ) "सूर्तिजन्य पदार्थ" भन्नाले ऐनको दफा २(क) बमोजिमको सूर्तिजन्य पदार्थ सम्झनु पर्छ।

(ङ) "उत्पादक" भन्नाले ऐनको दफा (२) को खण्ड (च) बमोजिमको उत्पादकलाई सम्झनु पर्छ र सो शब्दले उत्पादक संघ समेतलाई जनाउँछ।

(च) "लेबल" भन्नाले सूर्तिजन्य पदार्थको प्याकेटमा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ।

(छ) "घातक रंगीन चित्र" भन्नाले निर्देशिकाको दफा ४, ५, ६ र ७ मा उल्लेख भए अनुसारको घातक रंगीन चित्र सम्झनु पर्छ।

(ज) "चेतावनीमूलक सन्देश" भन्नाले निर्देशिकाको दफा ४, ५, ६ र ७ मा उल्लेख भए अनुसारको चेतावनीमूलक सन्देश सम्झनु पर्छ।

३. <u>चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु तथा अकिंत गर्नुपर्नेः</u> (१) ऐनको दफा ९ को उपदफा (१) र नियमावलीको नियम ९ को उपनियम (१) बमोजिम उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, ऱ्यापर्स, प्याकेट तथा पार्सलको प्याकेजिङ्ग र लेबुलको बाहिरी कूल भाग मध्ये कम्तिमा नब्बे प्रतिशत भागमा सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानीकारक छ भन्ने लगायतका चेतावनीमूलक सन्देश र सूर्तिजन्य पदार्थ सेवनको असरबाट भएको घातक, रंगीन चित्र प्रष्ट रुपमा बुझ्ने र देख्ने गरी नेपाली भाषामा छाप्नु तथा अकिंत गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश चुरोट, बिडि, खैनी, सूर्ति र गुट्खा जस्ता सूर्तिजन्य पदार्थको भित्री वा बाहिरी प्रत्येक बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छाप्नु तथा अंकित गर्नु पर्नेछ।

४. <u>चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्समा चेतावनीमूलक सन्देश र चित्र छाप्नु पर्नेः</u> (१) दफा ३ बमोजिम उत्पादकले चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ :–

| चित्र नं. | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | धुम्रपान तथा सूर्तिसेवनले फोक्सोको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ख |  | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | धुम्रपान तथा सूर्तिसेवनले मष्तिस्कघात हुन्छ | चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्ला भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |



सचिव

| | | | | |
|---|---|---|---|---|
| ग |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| घ |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | सूर्तिजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ङ |  | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | सूर्तिजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ | चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा चुरोटको कूल जम्मा बट्टा, प्याकेट र र्‍यापर्स मध्येमा उपदफा (१) बमोजिमका पांच वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश चुरोटको बट्टा, प्याकेट र र्‍यापर्समा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको सहायक माथिल्लो भाग (side pack-upper part) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-right part) मा "धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

(७) सन्देश लेखिने पृष्ठभूमिको रंग रातो हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ र चेतावनीमूलक सन्देश तथा घातक रंगीन चित्र रहने पृष्ठभूमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)=१००%, पहेलो (Y)=१००%, कालो (K)=0% हुनेछ ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको ढांचा अनुसूची १ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

५. <u>बिडीको बट्टा, प्याकेट र र्‍यापर्समा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु पर्ने:</u> (१) दफा ३ बमोजिम उत्पादकले बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलकसन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछः–,



सचिव

| चित्र | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| नं. | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | धुम्रपान तथा सूर्तिसेवनले फोक्सोको क्यांन्सर हुन्छ | बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ख |  | बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन्छ | बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा बिडिको कूल जम्मा बट्टा, प्याकेट र र्‍यापर्स मध्येमा उपदफा (१) बमोजिमका दुई वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश बिडिको बट्टा, प्याकेट र र्‍यापर्समा पचास पचास प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ ।

(३) आयातकार (rectangle) बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको लागि मात्र सहायक माथिल्लो भाग (side pack-upper part) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-right part) मा "धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरका कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची २ मा तोकिए बमोजिम हुनेछ ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ ।

(७) सन्देश लेखिने पृष्ठभुमिको रंग रातो हुनेछ ।

(८) अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ र चेतावनीमूलक सन्देश तथा चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित बिडिको बट्टा, प्याकेट र र्‍यापर्सको ढांचा अनुसूची २ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

६. <u>खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्समा चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र छाप्नु पर्ने:</u> (१) दफा ३ बमोजिम उत्पादकले खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ –

| चित्र | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| नं. | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको | सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ,, यसको सेवनले ज्यान लिन्छ" | खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये |

सचिव

| | | | | |
|---|---|---|---|---|
| | | ९० प्रतिशत भाग (principle area-front & back) मध्ये बीचको ५० प्रतिशत भागमा | | चित्र भन्दा माथिल्लो २० प्रतिशत भागमा |
| | | | सूर्तिजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ, खैनी सूर्तिसेवन गर्न छोडौ | खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये चित्र भन्दा मुनिको २० प्रतिशत भागमा |
| ख |  | खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ६० प्रतिशत भागमा | सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ,, यसको सेवनले ज्यान लिन्छ" | खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये चित्र भन्दा माथिल्लो १५ प्रतिशत भागमा |
| | | | सूर्तिजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ, खैनी सूर्तिसेवन गर्न छोडौ | खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये चित्र भन्दा मुनिको १५ प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको कूल जम्मा बट्टा, प्याकेट र ऱ्यापर्स मध्येमा उपदफा (१) बमोजिमका दुई वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्समा पचास पचास प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देशको अतिरिक्त गोलाकार टीनको बट्टामा प्याकेजिङ्ग हुने खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टाको बिर्कोको सहायक माथिल्लो पुरै भाग (side pack-upper top part) मा "खैनी सूर्ति सेवनले मुखमा क्यान्सर हुन्छ, खैनी सूर्तिसेवन गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश समेत छाप्नु पर्नेछ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची ३ मा तोकिए बमोजिम हुनेछ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ।

(७) सन्देश लेखिने पृष्ठभुमिको रंग रातो हुनेछ।

(८) अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ र चेतावनीमूलक सन्देश तथा चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको ढांचा अनुसूची ३ मा तोकिए बमोजिम हुनु पर्नेछ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ।

७. <u>सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने सन्देश र चित्र:</u> (१) दफा ३ बमोजिम उत्पादकले चुरोट, बिडि, खैनी, सूर्ति र गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको नब्बे प्रतिशत भागमा देहाय बमोजिमको घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश छाप्नु तथा अंकित गर्नु पर्नेछ –,



सचिव

| चित्र | चित्र | | सन्देश | |
|---|---|---|---|---|
| नं. | चित्र | चित्र राख्ने भाग | सन्देश | सन्देश राख्ने भाग |
| क |  | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | धुम्रपान तथा सूर्तिसेवनले फोक्सोको क्यान्सर हुन्छ | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ख |  | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | धुम्रपान तथा सूर्तिसेवनले मष्तिस्कघात हुन्छ | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ग |  | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन्छ | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| घ |  | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | सूर्तिजन्य पदार्थ सेवनले मुख तथा घाँटीको क्यान्सर हुन्छ | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |
| ङ |  | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये ७० प्रतिशत भागमा | सूर्तिजन्य पदार्थ सेवनले मुखको क्यान्सर हुन्छ | सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गको मुख्य माथिल्लो भागको अगाडि र पछाडिको ९० प्रतिशत भाग (principle area-front & back) मध्ये २० प्रतिशत भागमा |

(२) उत्पादकले छपाई गर्ने प्रत्येक ब्याचमा सूर्तिजन्य पदार्थको कूल जम्मा पेटी, पार्सल र प्याकेजिङ्ग मध्येमा उपदफा (१) बमोजिमका पांच वटा घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सूर्तिजन्य पदार्थको पेटी, पार्सल र प्याकेजिङ्गमा बीस बीस प्रतिशत संख्यामा समानुपातिक तवरले छाप्नु तथा अंकित गर्नु पर्नेछ।

(३) सूर्तिजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको सहायक माथिल्लो भाग (side pack-upper part) मा "सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ" भन्ने चेतावनीमूलक सन्देश, सहायक दायाँ भाग (side pack-right part) मा "धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश र सहायक बायाँ भाग (side pack-left part) मा "धुम्रपानमा हुने निकोटिन, टार, कार्वनमोनोक्साईडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं" भन्ने चेतावनीमूलक सन्देश छाप्नु पर्नेछ।

(४) सन्देश लेखिने अक्षरको नाम देवनागरी प्रिति फन्ट हुनेछ।

(५) सन्देश लेखिने अक्षरको आकार अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ।

(६) सन्देश लेखिने अक्षरको रंग सेतो हुनेछ।

(७) सन्देश लेखिने पृष्ठभुमिको रंग रातो हुनेछ।



सचिव

(८) अक्षरमा रंगको मात्रा निलो (C)=0%, रातो (M)=0%, पहेलो (Y)=0%, कालो (K)=0% हुनेछ र चेतावनीमूलक सन्देश तथा चित्र रहने पृष्ठभुमिमा रंगको मात्रा निलो (C)=१५%, रातो (M)= १००%, पहेलो (Y)= १००%, कालो (K)=0% हुनेछ ।

(९) घातक रंगीन चित्र र चेतावनीमूलक सन्देश सहित चुरोटको बट्टा, प्याकेट र ऱ्यापर्सको ढांचा अनुसूची ४ मा तोकिए बमोजिम हुनु पर्नेछ ।

(१०) चित्रको गुणस्तरको हकमा उत्पादकलाई मन्त्रालयबाट सिडी (CD) मा उपलब्ध गराईएको चित्रको गुणस्तर सरह हुनेछ ।

स्पष्टीकरण: निर्देशिकाको दफा ४, ५, ६ र ७ को प्रयोजनको लागि CMYK भन्नाले क्रमशः Cyan (Blue), Magenta (Red), Yellow (Yellow), and Key (Black) सम्झनु पर्छ ।

८. <u>फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानिने:</u> सोली आकारको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको हकमा ठूलो वा फराकिलो भागलाई मुख्य माथिल्लो भाग मानि चेतावनीमूलक सन्देश र चित्रहरु छाप्नु तथा अकिंत गर्नु पर्नेछ ।

९. <u>सन्देशको भाषा:</u> सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छापिने सन्देशको भाषा नेपाली हुनेछ ।

१०. <u>सन्देश र चित्रको आकार बृद्धि हुने:</u> उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गको आकारमा बृद्धि हुदा चेतावनीमूलक सन्देश र चित्रहरुको आकार पनि सूर्तिजन्य पदार्थहरुको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी र पार्सलको प्याकेजिङ्ग र लेबलिङ्ग बृद्धिको अनुपातमा बृद्धि गर्नु पर्नेछ ।

११. <u>सन्देश र चित्र स्पष्ट देखिने गरी प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्ने:</u> उत्पादकले सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी, पार्सल र प्याकेजिङ्गमा छपाई गर्नु पर्ने चेतावनीमूलक सन्देश र चित्रहरुको अपभ्रंस नहुने, नबिग्रने र नछोपिने गरी सूर्तिजन्य पदार्थहरु प्याकेजिङ्ग र लेबलिङ्ग गर्नु पर्नेछ ।

१२. <u>सूर्तिजन्य पदार्थको प्रबर्द्धन हुनेगरी प्याकेजिङ्ग वा लेबल गर्न नपाईने :</u> उत्पादक लगायत कसैले पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सूर्तिजन्य पदार्थको प्रवर्द्धन हुने गरी कुनै सन्देश, सामग्री, रंग, चित्र आदि राखेर प्याकेजिङ्ग वा लेबल गर्न पाईने छैन ।

१३. <u>सुर्तिजन्य पदार्थको बारेमा असत्य कुराहरु राखी प्याकेजिङ्ग वा लेबल गर्न नपाईने:</u> उत्पादक लगायत कसैले पनि स्वास्थ्य वा स्वास्थ्य जोखिम वा सूतिजन्य पदार्थको बारेमा असत्य, भ्रामक वा कपटपूर्ण सन्देश फैलाउन सक्ने "हल्का, अति हल्का, मध्यम, कम टार, सुरक्षित, पातलो" जस्ता कुनै पनि शब्द वा यस्तै अर्थ लाग्ने चित्र वा चिन्ह कुनै पनि सूर्तिजन्य पदार्थको प्याकेजिङ्ग वा लेबलमा राख्न पाईनेछैन ।

१४. <u>बिक्री, वितरण र खरिद गर्न नपाउने:</u> कसैले पनि ऐनको दफा ९ को उपदफा (१) बमोजिमको चेतावनीमूलक सन्देश र घातक रंगीन चित्र नभएका सूर्तिजन्य पदार्थहरु मिति २०६८ साल कार्तिक १८ गते देखि उत्पादन, बिक्री, वितरण र खरिद गर्न पाउने छैन ।

१५. <u>खारेज र बचाऊ:</u> (१) सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट, ऱ्यापर्स, पेटी तथा पार्सल, प्याकेजिङ्गमा चेतावनीमूलक सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका, २०६८ खारेज गरिएको छ ।


(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।

सचिव

अनुसूची १
(दफा ४ संग सम्बन्धित)
चेतावनीमूलक चित्र र सन्देश सहित चुरोटको बट्टा, प्याकेट र र्‍यापर्सको ढांचा

दफा ४ (१) को (क) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area -front & back:** Preeti font, Size 20pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.


**Picture Color** C M Y CM MY CY CMY K



सचिव

दफा ४ (१) को (ख) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area -front & back:** Preeti font, Size 20pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

दफा ४ (१) को (ग) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area -front & back:** Preeti font, Size 14pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ४ (१) को (घ) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area -front & back:** Preeti font, Size 18pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ४ (१) को (ङ) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area -front & back:** Preeti font, Size 18pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.


**Picture Color**

सचिव

## अनुसूची २
(दफा ५ संग सम्बन्धित)
**चेतावनीमूलक चित्र र सन्देश सहित बिडीको बट्टा, प्याकेट र न्यापर्सको ढांचा**

**दफा ५ (१) को (क) संग सम्बन्धित**




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%


**Font**


**Principle area, upper -front & back:**: Preeti font, Size 14pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

दफा ५ (१) को (ख) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area, upper -front & back:**: Preeti font, Size 14pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ५ (१) को (क) र दफा ५ (३) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**

C=0%, M=0%, Y=0%, K=0%

**Background Color**

C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area -front & back:** Preeti font, Size 20pt.
**Side pack-upper part:** Preeti font, Size 12pt.
**Side pack-left & right:** Preeti font, Size 12pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ५ (१) को (ख) र दफा ५ (३) संग सम्बन्धित







| Colour Percentage | | Font |
|---|---|---|
| ⬜ | **Text Color** C=0%, M=0%, Y=0%, K=0% | **Principle area -front & back:** Preeti font, Size 14pt. **Side pack-upper part:** Preeti font, Size 12pt. **Side pack-left & right:** Preeti font, Size 12pt. |
| 🟥 | **Background Color** C=15%, M=100%, Y=100%, K=0% | **Picture Color** C M Y CM MY CY CMY K |


सचिव


अनुसूची ३

(दफा ६ संग सम्बन्धित)

**चेतावनीमूलक चित्र र सन्देश सहित खैनी, सूर्ति, गुट्खा जस्ता सूर्तिजन्य पदार्थको बट्टा, प्याकेट र ऱ्यापर्सको ढांचा**

दफा ६ (१) को (क) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%


**Font**

**Principle area, upper -front & back:** Preeti font, Size 18pt.
**Principle area, lower -front & back:** Preeti font, Size 18pt.


**Picture Color** C M Y CM MY CY CMY K

सचिव

दफा ६ (१) को (ख) संग सम्बन्धित



Surti or Khainni Package Design




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area, upper -front & back:** Preeti font, Size 18pt.
**Principle area, lower -front & back:** Preeti font, Size 18pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ६ (१) को (क) र दफा ६ (३) संग सम्बन्धित




**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area, upper-front & back:** Preeti font, Size 18pt.
**Principle area, lower-front & back:** Preeti font, Size 18pt.


**Circle Design:**
**Principle area, upper-front & back:** Preeti font, Size 19pt.
**Principle area, lower-front & back:** Preeti font, Size 12pt.

**Picture Color** C M Y K

सचिव

## दफा ६ (१) को (ख) र दफा ६ (३) संग सम्बन्धित







**Colour Percentage**

**Text Color**
C=0%, M=0%, Y=0%, K=0%

**Background Color**
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principle area, upper-front & back:** Preeti font, Size 18pt.
**Principle area, lower-front & back:** Preeti font, Size 18pt.

**Circle Design:**
**Principle area, upper-front & back:** Preeti font, Size 19pt.
**Principle area, lower-front & back:** Preeti font, Size 12pt.

**Picture Color** C M Y K


सचिव

## अनुसूची ४

(दफा ७ संग सम्बन्धित)

### चेतावनीमूलक चित्र र सन्देश सहित सूर्तिजन्य पदार्थको बट्टा र प्याकेट राख्ने पेटी, पार्सल र प्याकेजिङ्गको ढांचा

### दफा ७ (१) को (क) संग सम्बन्धित




**Colour Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%


**Font**

**Principle area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ७ (१) को (ख) संग सम्बन्धित




**Colour Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**
**Principle area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव

## दफा ७ (१) को (ग) संग सम्बन्धित

सूर्तिजन्य पदार्थ स्वास्थ्यलाई हानिकारक छ, धुम्रपानले ज्यान लिन्छ

Upper part

20%

तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन सक्छ



70%

100 %

धुम्रपानमा हुने निकोटिन, टार, कार्बनमोनोक्साइडले मुटु र फोक्सोको रोग लाग्छ, धुम्रपान गर्न छोडौं

तपाईले गरेको धुम्रपान तथा सूर्तिसेवनले कमतौल भएको, अपांग वा मरेको बच्चा जन्मन सक्छ



धुम्रपानमा नाईट्रोसोमाईन र बेन्जोपाईरिन जस्ता क्यान्सरको कारक तत्वहरु हुन्छन्, धुम्रपान गर्न छोडौं

10 %

Side pack left

Side pack right

Lower part

**Colour Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**


**Principle area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K



सचिव

**दफा ७ (१) को (घ) संग सम्बन्धित**




**Colour Percentage**

| | |
|---|---|
| Text Color | C=0%, M=0%, Y=0%, K=0% |
| Background Color | C=15%, M=100%, Y=100%, K=0% |

**Font**


**Principle area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K



सचिव

**दफा ७ (१) को (ङ) संग सम्बन्धित**




**Colour Percentage**

Text Color
C=0%, M=0%, Y=0%, K=0%

Background Color
C=15%, M=100%, Y=100%, K=0%

**Font**

**Principle area -front & back:** Preeti font, Size 30pt.
**Side pack-upper part:** Preeti font, Size 30pt.
**Side pack-left & right:** Preeti font, Size 40pt.

**Picture Color** C M Y CM MY CY CMY K

सचिव